आज मिति २०७९/०२/१६ गतेका मेलौली नगरपालिका नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री भिम बहादुर चन्द ज्यू को अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु पारित गरिए ।

तपसिल

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा विष्ट | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिह विष्ट | वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | वडा अध्यक्ष | |
| १२ | श्री धाना चन्द | का.पा. सदस्य | |
| १३ | श्री धाना तिरुवा विक | का.पा. सदस्य | |
| १४ | श्री मानमती कामी | का.पा. सदस्य | मान मती कामी |
| १५ | श्री पार्वती भट्ट ओझा | का.पा. सदस्य | |
| १६ | श्री नन्दा ओझा भट्ट | का.पा. सदस्य | |
| १७ | श्री विजय पोखरेल | का.पा. सदस्य | |
| १८ | श्री सुरेश परियार | का.पा. सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | का.पा. सदस्य | |
| २० | श्री नारायण बहादुर चन्द | स.सचिव | |

**<u>प्रस्तावहरु:</u>**

१. शोक प्रस्ताव सम्बन्धमा ।

**<u>निर्णयहरु:</u>**

**<u>निर्णय नं. १ प्रस्ताव १</u>** माथि छलफल गर्दा, यस मेलौली नगरपालिका वडा नं. ३ का २०७४ को स्थानीय तह निर्वाचन बाट वडा अध्यक्ष पदमा निर्वाचित निवर्तमान वडा अध्यक्ष श्री रघुवीर सिंह भाट ज्युको अचानक बिरामी भई धनगढीमा उपचारको क्रममा मिति २०७९।०२।१५ गतेका दिन स्वर्गारोहण भएको दुखद् खबरले यस नगर कार्यपालिकालाई स्तब्ध बनाएको छ । उहाँको स्वर्गारोहणले नगरपालिकाले महत्वपूर्ण समाजसेवी गुमाएको छ। यस शोकको घडिमा मृत आत्माको चिर शान्तिको कामना सहीत शोकमा रहेका परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै यस नगर कार्यपालिकाको बैठकबाट शोक प्रस्ताव पारित गरियो ।

आज मिति २०७९/०२/१६ गते दिउँसो १ बजे गतेका मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्द ज्यू को अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु पारित गरिए ।

**तपसिल**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा विष्ट | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिह विष्ट | वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | वडा अध्यक्ष | |
| १२ | श्री धाना चन्द | का.पा. सदस्य | |
| १३ | श्री धाना तिरुवा विक | का.पा. सदस्य | |
| १४ | श्री मानमती कामी | का.पा. सदस्य | मानमती कामी |
| १५ | श्री पार्वती भट्ट ओझा | का.पा. सदस्य | |
| १६ | श्री नन्दा ओझा भट्ट | का.पा. सदस्य | |
| १७ | श्री विजय पोखरेल | का.पा. सदस्य | |
| १८ | श्री सुरेश परियार | का.पा. सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | का.पा. सदस्य | |
| २० | श्री नारायण बहादुर चन्द | नि. प्र.प्र.अ. | |

# प्रस्तावहरु:

१. संकल्प प्रस्ताव सम्बन्धमा ।

२. खेलकुद पूर्वाधार निर्माण वडा नं १ मा विनियोजित बजेट खर्च सम्बन्धमा ।

३. योजना सम्झौता गर्ने अन्तिम म्याद सम्बन्धमा ।

४. बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाई योजना सञ्चालन सम्बन्धमा ।

## निर्णयहरु:

**निर्णय नं. १ प्रस्ताव नं. १** माथि छलफल गर्दा, यस मेलौली नगरपालिकाका ९ वटै वडामा प्रसुती सेवा आवश्यक भएका महिलाहरुका लागि नगरपालिका भित्रका स्वास्थ्य संस्था सम्म लैजान नगरपालिकाको एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराउने निर्णय गरियो । साथै स्थानीय तहबाट सम्पन्न गर्न सकिने महिलाहरुको विविध समस्याहरुको समाधानका लागि *हेलो उप-मेयर हेल्प लाइन* सञ्चालन गर्ने र नगरपालिकाबाट सम्पादन हुने सम्पूर्ण काम कारवाही पारदर्शी रुपमा सञ्चालन गर्न, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताका लागि *हेलो मेयर रेडियो* कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ प्रस्ताव नं. २** माथि छलफल गर्दा, नेपाल सरकारको शसर्त पूँजीगत अनुदान तर्फको खेलकुद पूर्वाधार विकास निर्माण गर्न वडा नं १ मा विनियोजित रकम रु ८,००,००० बाट मेलौली नगर स्टेडियममा आवश्यक ढुङ्गाको मेशिनेरी वाल निर्माणको लागि २०७९ असाढ २० गते सम्म निर्माण कार्य सम्पन्न हुने गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ मा भएको व्यवस्था बमोजिम कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं. ३** माथि छलफल गर्दा, यस मेलौली नगरपालिकाको आ.व. २०७८।०७९ को नीति, कार्यक्रम तथा बजेटमा समावेश भएका योजनाहरुको योजना सम्झौता गर्ने म्याद मिति २०७९।०२।२५ गते सम्म सम्पन्न गर्ने गरी सूचना प्रकाशित गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं. ४** माथि छलफल गर्दा, बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाई योजना निर्माण वा मर्मत सम्भारका लागि पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट सिफारिस भई आएका २ वटा विद्यालयहरुमध्ये वडा नं. ७, मा रहेको श्री नेत्रज्योती सामुदायिक आधारभूत विद्यालयमा उक्त योजना विद्यालय व्यवस्थापन समिति संग सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।